नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना

आयोजना क्लष्टर इकाई, सप्तरी

**सूचना नं. ०२**

**सूचना प्रकाशित मितिः२०७९।०४।१०**

**विषयः साना अनुदान कार्यक्रमका लागि व्यवसाय प्रस्ताव पेश गर्ने बारे सूचना ।**

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना क्लष्टर इकाई, सप्तरी को आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्भाग (ग) अन्तर्गत पोषण मैत्री प्रविधिहरु र असल अभ्यासहरु अवलम्बनगर्न चाहने र पोषण सुरक्षा सुधार सम्बन्धीसानातथा पुरक अनुदान कार्यान्वयन कार्यविधि, २०७७ को दफा १० (२) मा उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्न ईच्छुक पोषण आमा समूहहरुलाई साना अनुदान कार्यक्रममा लगानी सहयोगमा सहभागिताको लागि आवश्यक कागजातहरु सहित यो सुचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र अर्थात मिति २०७९।०५।०८ गते भित्र सम्म व्यवसाय प्रस्ताव पेश गर्न सूचना आव्हान गरिएको छ ।

यस आयोजना अन्तर्गत गाउँपालिकामा गठन तथादर्ता भई परिचालन भएका पोषणआमा समूहहरुले साना तथा पुरक अनुदान कार्यान्वयन कार्यविधि, २०७७ मा स्वीकृत तोकिएको ढाँचामा साना अनुदानको लागि व्यवसाय प्रस्तावपेश गर्न हुन तोकिएको योग्यता पुगेका सम्वन्धित सवै पोषण आमा समूहहरुलाई जानकारीको लागि यो सूचना प्रकाशितगरिएको छ । रितपूर्वकको आवेदन सहितको व्यवसाय प्रस्तावर आवश्यक कागजातहरु पेश भएका व्यवसाय प्रस्तावहरु मात्र कारवाहीको लागि प्रक्रिया अघि बढाइने छ ।

**साना अनुदान कार्यक्रम सञ्चालन हुने क्षेत्रः**

आयोजना क्लष्टर इकाई, सप्तरी अन्तर्गतका सप्तरी जिल्लाको राजगढ गाउँपालिका, विष्णुपुर गाउँपालिका र सिरहा जिल्लाको औरही गाउँपालिका, बरियारपट्टी गाउँपालिकाका यस आयोजना अन्तर्गतका लाभग्राहीहरुको आमा समूहहरु

**साना अनुदानको सिमाः**साना अनुदानको लागि प्रति व्यवसाय प्रस्तावको लागि आयोजनाको तर्फबाट अधिकतम रु ५ ( पाँच) लाख सम्म र पोषण आमासमूहको लगानी श्रम वा जिन्सी सामग्री वा नगद योगदान कम्तीमा १५ प्रतिशत हुनु पर्नेछ ।

**व्यवसाय प्रस्तावसंग पेश गर्नु पर्ने कागजातहरुः**

१.गाउँपालिकामा पोषण आमा समूहको दर्ता वा नवीकरण गरेको प्रमाण-पत्रको फोटोकपी ।

२. समूहको स्थायी लेखानम्वर लिएको प्रमाण-पत्रको फोटोकपी ।

३. समूहले जग्गा भाडामा लिएको भए सम्झौता-पत्रको फोटोकपी ।

४. व्यवसाय प्रस्ताव पेश गर्ने र आयोजनाको सानाअनुदानमासहभागीहुने बारेमापोषण आमा समूहको बैठकको निर्णय गरिएको माईन्यूटको फोटोकपी ।

५.वातावरणिय र सामाजिक सुरक्षणका मापदण्ड पुरा भएको प्रतिवद्धता पत्र ।

**नोटः** साना अनुदान सम्बन्धी विस्तृत जानकारीतथा प्रस्तावको नमुनाका लागि कार्यालय समयमा आयोजना क्लष्टर इकाई, सप्तरी मा र आयोजना क्षेत्रका गाउँपालिकामा कार्यरत सेवा प्रदायक आयोजना सहजकर्ताहरुबाट समेत जानकारी लिन सकिनेछ ।